मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १५५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख २२ गते सोमवार (Monday, May 4. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔं, अरुलाई पनि बालश्रम प्रयोग नगर्न सूचित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**पर्यटनमन्त्री आगलागी क्षेत्रको निरीक्षणमाः** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई गृह जिल्ला ताप्लेजुङको सदरमुकाम फुङलिङमा भएको आगलागी क्षेत्रको निरीक्षण गर्दै । **तस्वीर : सन्तोष पुर्कुटी/रासस**

# १६ थपिए, संक्रमति ७५

**काठमाडौं, बैशाख २१।** नेपालमा कोरोना भाइरस संक्रमतिको संख्या ७५ पुगेको छ । आइतवार थप १६ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार वीरगञ्जमा १ र नेपालगञ्जमा १५ जनामा कोरोना भाइरसको संक्रमण देखिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार महानगरपालिका छपकैयाका ३६ वर्षीय पुरुष र नेपालगञ्जका १५ जनामा संक्रमण देखिएको हो । डा. देवकोटाका अनुसार नेपालगञ्जमा ८ जना पुरुष र ७ जना महिलामा कोरोना संक्रमण देखिएको हो । उनीहरुको उमेर ७ देखि ५८ वर्ष रहेको उनले जानकारी दिए । संक्रमितमध्ये १६ जना निको भइसकेका छन् ।

यसैबीच आयुर्वेद र वैकल्पिक चिकित्सा पद्धतिमार्फत कोरोना भाइरसको रोकथामका उपाय र व्यवस्थापन सम्बन्धी सरकारी निर्देशिकाले शरीरमा रोगप्रतिरोधी क्षमता बढाउन जडीबुटीको नियमित प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको अधिकारीहरूले बताएका छन् ।

गत हप्ता स्वास्थ्य मन्त्रालयले जारी गरेको उक्त निर्देशिकाले दैनिक रूपमा भान्छामा प्रयोग हुने कतिपय मसला र सजिलै पाइने जडीबुटीले भाइरससँग लड्ने क्षमता बढाउने उल्लेख गरेको छ । हालसम्म कोरोना भाइरसको औषधि पत्ता लागेको छैन र खोप बनिसकेको पनि छैन । वैज्ञानिक हिसाबले पूर्ण रूपमा प्रमाणित तथ्यहरू उल्लेख गरिएमात्रै यस्ता निर्देशिका अर्थपूर्ण हुने जनस्वास्थ्यविद्हरू बताउँछन् ।

अध्ययनहरूले प्रमाणित गरेका विषय सन्दर्भ सामग्रीसहित राखेर निर्देशिका तयार गरिएको आयुर्वेद र वैकल्पिक चिकित्सा विभागका महानिर्देशकले बीबीसीलाई बताए । उनले उक्त दस्तावेज दैनिक व्यवहारमा कार्यान्वयन भए त्यसले कोरोनाभाइरसको सङ्क्रमण रोकथाममा मद्दत पुर्‍याउने पनि उल्लेख गरे ।

४० पृष्ठ लामो उक्त निर्देशिका आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, आयुर्वेद चिकित्सा परिषद् नेपाल र त्रिभुवन विश्वविद्यालय आयुर्वेद क्याम्पस एवम् शिक्षण अस्पतालले संयुक्त रूपमा तयार पारेका हुन् । त्यसमा नीमको पात, तुलसीको पात, घ्यूकुमारी, तितेपातीको पात र फिटकिरीको धूलो प्रयोग गरी स्यानिटाइजर बनाउन सकिने उल्लेख छ । त्यसबाहेक रोग प्रतिरोधी प्रणालीका लागि प्रभावकारी योगाशन र प्राणायामहरूको चर्चा गरिएको छ ।

साथै दैनिक रूपमा खानामा बेसार, जीरा, धनियाँ र लसुनको प्रयोग गर्न सुझाइएको छ । बेसारले शरीरमा उत्पन्न विषाक्ततालाई नष्ट गर्ने, जीरा र धनियाँले हृदयरोग, नसारोग, रक्तचाप र रक्तअल्पताको जोखिम कम गर्ने अनि लसुनले शरीरको

***(बाँकी अन्तिम पृष्ठमा)***

‘एकका लागि एक अभियान’

## कनकाई र अर्जुनधाराका १२० परिवारलाई राहत

**बिर्तामोड, बैशाख २१।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-२ चारपानेको अगुवाईमा १६ वटा संस्थाको सहकार्यमा सञ्चालन ‘एकका लागि एक अभियान’ अन्तर्गत कनकाई तथा अर्जुनधारा नगरपालिकामा एक सय २० परिवारलाई राहत वितरण गरिएको छ ।

‘अब कोही हुने छैन भोकै’ र ‘सहयोग गर्ने मन छ, आउनुहोस् मन खोलेर सहयोग गर्नुहोस्’ भन्ने नाराका साथ शुरु भएको अभियान अन्तर्गत सहारा नेपाल साकोस लक्ष्मीपुर र सुरुङ्गा सेवा केन्द्रमार्फत राहत वितरण गरिएको हो । अर्जुनधारा नगरपालिका वडा नं. ५का २० परिवार र कनकाई नगरपालिका वडा नं. २, ३, ४, ५ र ८ का एक सय परिवारलाई राहत वितरण गरेको सुरुङ्गा सेवा केन्द्रकी प्रमुख गोमा बस्नेतलले बताइन् ।

कोरोना भाइरस महामारीका कारण खाद्ययन्न अभाव भएर समस्यामा परेका व्यक्ति तथा परिवारलाई खाद्य सामग्री सहयोग गर्ने उद्देश्यले एक परिवारले एक विपन्न परिवारलाई सहयोग अभियान सञ्चालन गरेको साकोस लक्ष्मीपुर सेवा केन्द्रका प्रमुख उमेश भारतीले जानकारी दिए ।

विपन्न, अतिविपन्न, एकल महिला, अपाङ्ग, दलित जस्ता परिवारलाई २५ केजी चामल, २ केजी दाल, २ केजी नुन, १ लिटर खानेतेल, एउटा नुहाउने र एउटा कपडा धुने सावनसहितको २ हजार रुपैयाँ मूल्य बराबरको राहत दिएको प्रमुख भारतीले बताए । लक्ष्मीपुर सेवा केन्द्र सहयोग समिति संयोजक केदार शम्शेर गिरीको अध्यक्षतामा भएको राहत वितरण कार्यक्रमको प्रमुख अतिथि कनपा-८ अध्यक्ष प्रेमबहादुर कटुवाल रहेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी झापा शाखा मन्त्री चन्द्रप्रसाद चुडाल, घैलाडुब्बा उपशाखा सभापति केशवप्रसाद शर्मा, लक्ष्मीपुर सेवा केन्द्र सहयोग समिति सदस्य टुमकुमारी ओझा, कनपा-८ कार्यपालिका सदस्य सुनिता सिग्देललगायतको उपस्थिति थियो । हाल यो अभियान अन्तर्गत १२ सय परिवारका लागि राहत वितरण गरिने जनाइएको छ ।

## कृषिमा आत्मनिर्भर बन्ने अवसर

**झापा, बैशाख २१।** कोरोनाका कारण अन्य क्षेत्रमा ठूलो प्रभाव परे पनि कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सकिने अवस्था सिर्जना भएको छ ।

वैदेशिक रोजगारीबाट फर्किएकालाई समेत कृषि उद्यममा जोड्न सकिने अवस्था आएको छ । सङ्कटले नकारात्मक मात्रै नभई सकारात्मक प्रभाव पनि निम्त्याउने देखिएको छ ।

विशेषगरी खाडी क्षेत्र, मलेशियालगायत देशमा रोजगारीमा गएका युवा कोरोनाको प्रभाव कम हुँदै गएपछि देशभित्र फर्कने वातावरण बन्न सक्छ । ती युवालाई व्यावसायिक कृषितर्फ आकर्षित गर्नेखालका कार्यक्रमको अपेक्षा जनताबाट भएको छ । राष्टिय योजना उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेलले भने- हामी आत्मनिर्भर पनि बन्ने र युवालाई देशभित्रै रोजगारी पनि दिन सक्ने क्षेत्रलाई आगामी बजेटले विशेष प्राथमिकतामा राख्नेछ ।

वैदेशिक रोजगारीबाट फर्केकासँग सोच, सीप र स्वपूँजी पनि हुने भएकाले विशेष ध्यान दिनेतर्फ सरकारले काम गर्ने उनले बताए । गत वर्ष नेपालले रु. ३३ अर्बको चामल, रु. १३ अर्बको मकै, रु. सात सात अर्बको आलु, रु. ६ अर्बको स्याउ, रु. सात अर्बको मरिच र रु. दुई अर्बको केरा आयात गरेको तथ्याङ्क छ ।

कोरोनाले यी क्षेत्रमा आत्मनिर्भर बन्न सक्ने मार्ग प्रशस्त गरेको छ । सरकारले कृषि उपजको बजारीकरणका लागि साल्ट ट्रेडिङ कर्पोरेशनजस्ता संस्थालाई जिम्मा दिने निर्णय गरेको छ । किसानलाई राहत दिएर कृषि केन्द्रित उद्यमको विकासका लागि बजेट केन्द्रित गर्न सक्ने अवसर पैदा भएको छ ।

ठूलो संख्यामा युवा विदेशबाट स्वदेश फर्कने अवस्थामा उनीहरुलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न सकिएन भने त्यसले सामाजिक द्वन्द्व निम्त्याउन सक्ने भएकाले विशेष ध्यान दिनुपर्ने उनको भनाइ छ । रोजगारीको क्षेत्रमा बजेटको प्राथमिकता बढी नै रहने उल्लेख गर्दै उनले उत्पादनमूलक उद्योगको प्रवर्द्धन र विकासलाई पनि जोड दिने बताए । उनले भने- बाहिरबाट फर्केर आउनेलाई रोजगारी, देशभित्र, खाद्यान्नमा आत्मनिर्भर गर्ने र विप्रेषणको आप्रवाह कम भएका कारण नागरिकको क्रय शक्ति कम हुँदा भोकमरी हुन सक्ने अवस्थालाई ध्यान दिएर केही न केही भ्याल्यूएड भने गर्नैपर्छ ।

यस्तै विपद्ले पूँजीगत खर्च प्रभावित हुने देखिएको भन्दै उनले शुरु भएका गरिएका परियोजनालाई निरन्तर अगाडि बढाउने सोच राखिएको जानकारी दिए । सामान्य अवस्थामा सरकारले तय गरेको ८ दशमलव ५ प्रतिशतको आर्थिक वृद्धि हुने अवस्था भए पनि कोरोनाले घटेर २ दशमलव २७ मा सीमित रहने देखिएको छ । सार्वजनिक खर्च बढाउने भन्ने सोचमा अल्पविराम लागेको भए पनि सरकारले त्यसलाई क्रमशः सही मार्गमा लैजाने उपाध्यक्ष प्रा.डा. कँडेलको भनाइ छ ।

जनता र खासगरी युवा शक्तिको भरोसालाई कायम राख्दै नकारात्मकताबाट सकारात्मक बनाउने सोचका साथ सरकारले काम गरेको उनको भनाइ छ । कोरोनाका कारण स्वास्थ्य क्षेत्रलाई पनि विशेष प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिएको जानकारी दिँदै उनले क्षमताको विकास तथा भौतिक संरचनामा पनि ध्यान दिइने उनको भनाइ छ ।

## च्याउ खाँदा ११ जना विरामी

**संखुवासभा, बैशाख २१।** संखुवासभाको सभापोखरी गाउँपालिका-२मा जंगली च्याउ खाएर २ घर परिवारका ६ जना बिरामी भएका छन् ।

स्थानीय २७ बर्षीय सन्देश राईले जंगलबाट टिपेर ल्याएको जंगली च्याउ खाँदा राईसहित निजको श्रीमती २४ बर्षीया मनिला राई, छोरी ३ बर्षीया सुपी राई, छिमेकी २५ बर्षीय दिनेश राई, निजको श्रीमती २४ बर्षीया अनिता राई र निजको ३ बर्षीया छोरी आकांक्षा राई बिरामी भएका हुन् । बिरामी ६ जनाको नै जिल्ला अस्पताल खाँदवारीमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

उता वनमा उम्रिएको च्याउ खाँदा भरतपुर महानगरपालिकाका पाँच जना बिरामी परेका छन् । जिल्ला प्रहरी कार्यालय चितवनले दिएको जानकारी अनुसार भरतपुर महानगरपालिका-२९ जुगेडीमा एकै परिवारका पाँच जना बिरामी परेका हुन् ।

कार्यालयका अनुसार बिरामी हुनेमा ५५ वर्षीय वीरबहादुर चेपाङ, उनको २५ वर्षीय छोरा सुमन चेपाङ, २२ वर्षीया बुहारी सिर्जना चेपाङ, छोरी १९ वर्षीया शर्मिला चोपाङ र १५ वर्षीया अञ्जना चेपाङ रहेका छन् । उनीहरुले घर नजिकै रहेको वनबाट टिपेर ल्याएको च्याउ खाएका थिए ।

च्याउ खाएसँगै बिरामी परेपछि उनीहरुलाई भरतपुर अस्पतालमा उपचारका लागि ल्याइएको प्रहरीले जनाएको छ । वीरबहादुरको अवस्था गम्भीर रहेको र अन्यको सामान्य रहेको प्रहरीले जनाएको छ । गम्भीर वीरबहादुरको सघन उपचार कक्षमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## घाँस काट्न जाँदा...

**ओखलढुङ्गा, बैशाख २१।** भिरबाट लडेर एक महिलाको मृत्यु भएको छ । जिल्लाको मोलुङ गाउँपालिका-६ श्रीचौरकी ६१ वर्षीय धनमाया तामाङ घाँस काट्न जाँदा भिरबाट लडेर मृत्यु भएको हो ।

भिरबाट लडेकी तामाङलाई उद्धार गरेर स्थानीय पेशला पोलिक्लिनिकमा ल्याइएको र त्यहाँ उपचारका क्रममा मृत्यु भएको स्थानीय युवा शिवकुमार कार्कीले जानकारी दिए । प्रहरीले घटनास्थलमा पुगेर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले जनाएको छ ।




## विद्युत् महशुल संकलन नहुँदा समस्या

**झापा, बैशाख २१।** कोरोनाको संक्रमण हुन नदिन सरकारले जारी राखेको लकडाउनका कारण नेपाल विद्युत् प्राधिकरणलाई विद्युत् महशुल सङ्कलन गर्न समस्या परेको छ ।

प्राधिकरणले मासिक रु. ६ अर्ब बराबरको महशुल उठाउँदै आएको भए पनि लकडाउनका कारण मासिक रु. ६० लाखको हाराहारीमा मात्रै महशुल उठिरहेको छ । कोरोनाको सङ्क्रमण फैलने डलरले प्राधिकरणले महशुल सङ्कलन काउण्टर खोलेको छैन । विद्युतीय प्रणालीबाट भुक्तानी हुने महशुलको मात्रा कम भएकाले महसुल सङ्कलन काउण्टर नै खोल्नुपर्ने बाध्यता रहेको छ ।

मासिक ठूलो मात्रामा महशुल सङ्कलन हुँदा मात्रै प्राधिकरणको समग्र आर्थिक अवस्था सहज रहने गरेको थियो । गत चैत ११ गतेदेखि जारी लकडाउनका कारण अत्यावश्यक सेवामा रहेका कर्मचारीबाहेक अन्य कर्मचारी भने कार्यालयमा उपस्थित छैनन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले महसुल सङ्कलनमा देखिएको अप्ठ्यारोका कारण संस्थाको आर्थिक अवस्थामा सङ्कट देखिने अवस्था पैदा भएको जानकारी दिए ।

नेपाल इञ्जिनियर्स एशोसिएशनको इनर्जी म्यानेजमेन्ट समितिले आयोजना गरेको बेवसेमिनारमा बोल्दै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लकडाउनको अवस्था अझै कायम रहेको खण्डमा प्राधिकरणमा ठूलो आर्थिक नोक्सानी भोग्नुपर्ने बताए । महशुल सङ्कलनमा समस्या भएकाले प्राधिकरणले विद्युतीय भुक्तानी प्रणालीमार्फत महशुल तिर्न आग्रह गरे पनि प्रविधिको पहुँच र प्रविधिमा जानकार नहुँदा ग्राहकलाई समेत समस्या परेको छ ।

प्राधिकरणका ३८ लाख घरायसी ग्राहक छन् । त्यस्तै झण्डै दुई लाख मध्यम तथा ठूला व्यावसायिक ग्राहक छन् । घरायसी ग्राहकले १५० युनिटसम्म विद्युत् प्रयोगमा चैत र वैशाख महिनाभरको महसुलमा २५ प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ । कोरोना भाइरस (कोभिड-१९) को महामारी रोकथामका लागि सरकारद्वारा घोषित लकडाउनको समयमा धेरैको रोजगारी गुमेको तथा आर्थिक गतिविधि ठप्प भएको अवस्थालाई मध्यनजर गर्दै ग्राहकलाई राहत दिने तथा एलपी ग्यास विस्थापन गरी इन्डक्सनसहित विद्युतीय चुल्हो प्रयोगमा प्रोत्साहन गर्ने उद्देश्यले त्यस्तो निर्णय गरिएको थियो ।

३८ लाख ग्राहकलाई १५० युनिटसम्मको खपतमा २० प्रतिशत छुट दिँदा एक महिनामा सरकारी राजश्वमा रु. ५० करोड नोक्सान हुन्छ । गत आर्थिक वर्षमा प्राधिकरणको महशुलबाट रु. ३० अर्ब उठेको थियो । लकडाउनका कारण विद्युत् खपतमा भारी कमी आएको छ । विद्युत् बढी खपत हुने उद्योगधन्दा, कलकारखाना, बिजनेस कम्प्लेक्स, होटल, सिनेमा घर, कार्यालय बन्द छन् । ती ग्राहकको समेत विद्युत् महसुल उठाउन समस्या भएको छ ।

यस्तै प्राधिरकणले १६५ मेगावाट क्षमताका आयोजनाको भुक्तानी भने अमेरिकी डलरमा नै गर्नुपरेको छ । झण्डै रु. एक अर्ब जतिको व्ययभार त्यसले थपेको छ तर, विपद्को समयमा काममा खटाइएका कर्मचारीलाई अतिरिक्त सुविधा दिनुपर्ने, तलब भत्तालगायत खर्च तोकिए अनुसार नै हुने भएकाले पनि थप समस्या आउन सक्ने देखिएको छ ।

लकडाउनका कारण प्राधिकरणका सहायक कम्पनीले निर्माण गरेका आयोजनामा समेत समस्या देखिएको छ । माथिल्लो तामाकोशी लगायत आयोजनामा कामदार भए पनि निर्माण सामग्रीको अभाव देखिन सक्ने अवस्था पैदा भएको छ ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# कोभिड १९ महामारीः सञ्चारकर्मीको भूमिका कस्तो हुनुपर्छ ?



मुक्ति पौडेलः संयोजक
प्रेस संगठन नेपाल, झापा

वर्तमान समय मानव सभ्यताका लागि नै चुनौतिपूर्ण बनेको छ । गत वर्षको डिसेम्बर महिनाको अन्त्यतिर चीनको वुहान प्रान्तबाट शुरु भएको कोरोना भाइरस संक्रमणले यति बेला विश्व नै आतंकित बनेको छ । हालको यस विषम परिस्थितिलाई नियन्त्रण गर्नका लागि विभिन्न क्षेत्रले खेल्ने भूमिकाले पनि विश्व भविष्यको निर्क्यौल गर्ने निश्चित प्रायः छ ।

महामारीको यो अवस्थामा विश्वस्तरमा र नेपालमा समेत सञ्चारमाध्यमले खेलेको भूमिकालाई नजिकबाट हेर्नुपर्ने हुन्छ । बिगत ५ महिनाको यो अवधिमा नेपाली सञ्चारमाध्यमले खेलेको भूमिकालाई विश्लेषण गर्दा सकारत्मक कुरा धेरै भएका छन् । जनमानसमा चेतनाको स्तरलाई बढाउन साथै सम्बन्धित निकायमा खबरदारी गर्न नेपाली सञ्चारमाध्यम सफल भएको छ । देश लकडाउनको स्थितिमा रहँदा नेपाली सञ्चारमाध्यमले प्रवाह गरेको सूचनाबाट सुसूचित भई आम नागरिक घरभित्रै बसेर राज्यलाई सहयोग गरिरहेका छन् । आज निजी स्रोतसाधन र जोखिम मोल्दै आम सञ्चारकर्मीहरु सत्यतथ्य सूचना सम्प्रेषण गरी आफ्नो कर्तव्यबाट एक कदमपछि हटेको अवस्था छैन ।

यसलाई आम नागरिक र राज्यले नजिकबाट हेर्न जरुरी छ । लकडाउन पश्चात छापा मिडिया प्रायः बन्द छन् भने विद्युतीय मिडियाले सञ्चारको अभावलाई धेरै हदसम्म समेट्ने प्रयास गरेका छन् । यो सराहनी कार्य हो । आम नागरिकको कठिन दिनचर्या सञ्चारकर्मीमा पनि लागू हुन्छ । तर, पत्रकारिताको मूल्यलाई आत्मसात गरी सञ्चारकर्मी यस कठिन समयमा पनि फिल्डमा खटिएका छन् । जसले सूचनाबाट कोही पनि विमुख हुनु परेको अवस्था छैन । यो नै नेपाली सञ्चारमाध्यमले यो विषम परिस्थितिमा देखाएको विश्वास अनि पेसाप्रतिको इमान्दारिता हो ।



इन्दू पूर्वेलीः अध्यक्ष
नेपाल प्रेस युनियन झापा

विश्व कोरोना भाइरस संक्रमणको सन्त्रासमा त्रसित रहेको अवस्थामा आम मानवलाई घरभित्रै सुरक्षित बसेर आफू, आफ्नो परिवार र समाजलाई जोखिम नियन्त्रणका लागि सघाउन अपिल गर्दै यतिवेला स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मी सडकमा उत्रिएको अवस्था छ । अझ सञ्चारकर्मीले पनि फिल्ड रिपोर्टिङलाई केही मात्रामा कम गरेर टेलिफोन, इमेल, इन्टरनेटको सहयोगमा सूचना प्रवाह गर्न सक्ने अवस्था छ भने नागरिकको सुरक्षार्थ निरन्तर खटिने सुरक्षाकर्मी र स्वास्थ्यकर्मी प्रसंशाका पात्र हुन् ।

आज हामी विश्व प्रेस स्वतन्त्रता दिवस र हाँसो दिवस मनाइरहेका छौं । जोडिएर आएका यी दुई दिवसको सन्दर्भलाई हाम्रो शासन व्यवस्थासँग जोड्ने हो भने सत्तामा बस्नेले गरेका गलत गतिविधिकाविरुद्ध सञ्चारमाध्यममा आएका समाचारहरुका विषयमा प्रमुख उत्तरदायित्वमा बसेकाहरुबाट आएको गाली गलौजपूर्ण धम्की हास्यास्पद छ । तर, हामी पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टीसहित आम मानवको अभिब्यक्ति स्वतन्त्रता सुरक्षित हुँदा मात्रै हास्न सक्ने परिवेशमा छौं ।

संकटको यो समय र लगभग ४१ दिनदेखि अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्की प्रविधिको उच्चतम् प्रयोगमार्फत वा निस्कनै परेको अवस्थामा सुरक्षा सामग्रीहरुको पूर्ण प्रयोग गर्दै समाचार, सूचना सम्प्रेषण, सरकारका काम कारबाही, जनताका समस्या र गुनासा आम जनसमुदाय सामु पुऱ्याउनु सञ्चारमाध्यमको प्रमुख दायित्व हो, यो दायित्व पत्रकारहरुले पूरा गरिरहेकै अवस्था छ । लकडाउनका कारण पत्रपत्रिका प्रकाशन र वितरणमा कठिनाई भए पनि अनलाइन, टीभी, रेडियो आदि सूचनाका प्रमुख स्रोत बनेका छन् अहिले । यस विषम परिस्थिति र यसले भविष्यमा निम्त्याउन सक्ने आर्थिक संकटका कारण कुनै पनि सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीको रोजीरोटी गुम्ने अवस्था नआओस् भन्ने कामनासहित आ-आफ्नो जिम्मेवारी, कर्तब्य पालना गर्दै निस्पक्ष, तटस्थ, सत्य, तथ्य सूचना सम्प्रेषण गर्दै निष्ठापूर्ण पत्रकारिताको विकासमा आजका दिनले विशेष प्रेरणा प्रदान गरोस् शुभकामना ।

विद्रोही पक्षले राज्यसत्ताकाविरुद्ध आन्दोलन गर्दा होस्, राज्यसत्ताले विद्रोही पक्षलाई दमन गरेर विद्रोह मत्थर पार्न गरेको प्रयत्न होस् वा दोहोरो द्वन्द्वको मारमा परेरै किन नहोस्, प्रेस जगतले आम नागरिकसामु सूचना पस्किएका थिए र छन् ।

अझ नेपालमा लोकतान्त्रिक शासन व्यवस्था ल्याउनका लागि सञ्चारकर्मीले अग्रपंक्तिमा रहेर गरेको आन्दोलन अविश्मरणीय छ, यसको एउटै ध्येय र लक्ष्य विश्वव्यापी प्रेस स्वतन्त्रताको मूल्य र मान्यतालाई स्थापित गर्दै आम मानवको अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि थियो ।



रञ्जित प्रसाईंः अध्यक्ष
मिडिया नेपाल, झापा

विश्व प्रेस स्वतन्त्रता दिवसको यस वर्षको नारा 'भय र पक्षधरतामुक्त पत्रकारिता' अनुरुप सञ्चारकर्मीले भयमुक्त भई काम गर्ने वातावरण बनाउन सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

अहिले विश्वव्यापीरुपमा चुनौतिका रुपमा देखिएको कोरोना भाइरसको महामारीको संक्रमणको यो समयमा पनि कोरोनाविरुद्धको लडाइँलाई सार्थक बनाउन अग्रमोर्चामा खटिएका सञ्चारकर्मीलाई भयमुक्त भई काम गर्ने वातावरण बनाउन सञ्चारमाध्यमले सञ्चारकर्मीलाई सुरक्षाका सामग्री उपलब्ध गराउनुपर्छ ।

कोरोना भाइरसको संक्रमणवाट सबैको जीवन सुरक्षित राख्न, यो रोगबारे सचेतना जगाउने, सूचना र जानकारी दिने तथा सतर्कता अपनाउनुपर्ने विषयसमेत सम्प्रेषण गरी सञ्चारकर्मीले कार्यक्षेत्रमा खटिएर गर्ने कार्य झन् जोखिमयुक्त छ । यस्तो बेलामा पनि सञ्चारकर्मीले अग्रमोर्चामा खटिएर सूचना प्रवाह गरिरहेका छन् ।

सञ्चारकर्मीले सूचना प्रवाह गर्दा संवेदनशील भएर आधिकारिक स्रोतबाट पुष्टि भएका सूचना मात्र सम्प्रेषण गर्न म सञ्चारकर्मी साथीहरुलाई आग्रह गर्दछु ।

सञ्चारकर्मीले सूचना तथा समाचार प्रवाह गरिरहँदा समाजमा सकारात्मक सन्देश जाने , सत्य र तथ्यमा टेकेर आधिकारिक सूचना मात्र सम्प्रेषण गर्न अनुरोध गर्दछु । सञ्चारमाध्यमहरुमा समाचार ब्रेकिङ गर्ने हतारोमा प्रमाणित नभएका तथ्यहीन समाचार सम्प्रेषण नगर्न पनि म सञ्चारकर्मी साथीहरुलाई आग्रह गर्दछु । मुलुक लकडाउनको अवस्थामा छ । यस्तो अवस्थामा समेत सञ्चारकर्मीले अग्रमोर्चामा खटिएर सूचना प्रवाह गरिरहेका छन् । यो वेलामा कोरोना भाइरस र लकडाउनको संकटका कारण सञ्चारकर्मीहरुको रोजगार र पारिश्रमिकको समेत ग्यारेन्टी गर्न म सञ्चारमाध्यमहरुलाई आग्रह गर्दछु ।



देशराज नेम्वाङः केन्द्रीय सदस्य
प्रेस नेपाल

नेपाली पत्रकारिता जगत सम्भवत लोकतान्त्रिक इतिहासमा नै अप्ठ्यारो परिस्थितिमा गुज्रिएको अवस्था हो यो समय । तसर्थ यतिवेला राज्यले पत्रकारिता जगतलाई हेर्ने दृष्टिकोण आफैमा असहज छ । यो छुट्टै विषय हो ।

कोरोना भाइरसको महामारीको चपेटाले विश्व आक्रान्त भएको बेलामा नेपाल पनि अछुतो रहेको छैन । विश्वका शक्तिसम्पन्न राष्ट्रहरु, जो आर्थिक सामाजिक र प्राविधिक सबै रुपमा अगाडि भएता पनि कोरोना भाइरसको संक्रमणले त्रसिद भएको वेलामा नेपाल विकासोन्मुख मुलुक भएको हुनाले अति जोखिम हुन्छ भन्ने कुरामा दुईमत छैन ।

यसबेला यो महामारीबाट बच्नको लागि सञ्चारकर्मी र सञ्चारमाध्यमहरुको अहम् भूमिका रहनु जरुरी छ । विशेषगरी अनाधिकृत रुपमा प्रकाशन र प्रशारण भएका समचारहरुले जनमानसमा अत्यन्तै सन्त्रास फैलाएको छ । यसलाई मध्यनजर गर्दै यस्ता गिरोहहरुलाइ निस्तेज गर्न सञ्चारमाध्यमहरुको विशेष ध्यानाकर्षण हुन आवश्यक छ ।

कोरोना भाइरस के हो? यसको संक्रमण कसरी हुन्छ? यसबाट बच्न कस्तो उपाया अपनाउन सकिन्छ? भन्ने जस्ता आधारभुत जानकारी सम्म नपाएका जनताहरुलाइ सुसुचित गराउन स्तम्भ प्रकासन र कार्यक्रम प्रशारणमा विशेष जोड दिनु पर्छ। कतिपय स्थानहरुमा अत्यावश्यक काम लिएर हिडेका जनताहरु असक्षम पत्रकारहरुको प्रतिसोध युक्त प्रश्नहरुबाट प्रताडित भएको उदाहरण प्रसस्त रहेका छुन । यसतर्फ आधिकारिक संचार माध्यमहरुले साझा धारणा बनाइ त्यसबारेमा सर्वसाधारणहरुलाइ सुचित गराउन आवश्यक छ।

नेपालमा उच्च स्तरका स्वास्थ्य सामग्री र स्वास्थ्य संस्थाहरुको अभाव रहेको छ। तसर्थ कोरोना भाइरसको संक्रमणबाट बच्ने एउटै विकल्प लकडाउन हो। यसकालागी भरपर्दो सुरक्षा नीति अपनाएर स्थानिय बजार सुचारु गराउन सकिन्छ । स्थानीय बाहेक अन्य क्षेत्रबाट आउने जाने क्रम पुर्णरुपमा निशेध गरि स्थानिय बजार संचालन गर्न सुरक्षित हुन सक्ने सम्भावनाको खोज गरि सरोकारवाला समक्ष पत्रकारहरुले जानकारी गराउन जरुरी छ। स्थानिय बासिन्दाहरुको सहजताका लागि स्थानिय बजार संचालन गर्न सकिन्छ। यसतर्फ पत्रकार र संचार माध्यमको ध्यान जान सकोस ।



गणेशमान मुखियाः पूर्वअध्यक्ष
आदिवासी जनजाति पत्रकार
महासंघ (फोनिज)झापा

सर्वप्रथमतः सञ्चारमा आवद्ध सम्पूर्ण सञ्चारकर्मीलाई विश्व प्रेस स्वतन्त्रताको उपलक्ष्यमा शुभकामना । प्रेस स्वतन्त्रता मात्र होइन, नेपालको संविधान २०७२ले प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरेको छ । त्यसैले प्रेस स्वतन्त्रता वा स्वतन्त्र प्रेस भनेर परिभाषित गरिरहनु जरुरी छैन । उसले कसरी उपभोग गर्छ, त्यो महत्वपूर्ण कुरा हो ।

नोवेल कोरोना भाइरस (कोभिड-१९) को विश्वभरी महामारीको रुपमा फैलिरहेको अवस्थामा नेपालमा पनि आइपुग्यो । कोभिडसंग शक्तिशाली मुलुक समेत लड्न सकि रहेको अवस्था छैन । बिरामी संख्याको आधारमा स्वास्थ्य सामग्री र उपकरण न्यून थियो अर्थात् छ । झन् कोरोना भाइरसको उत्पत्ति भएको मुलुक चीन तथा भूसको आगोझैं संक्रमित बढिरहेको भारत नेपालको दुवै देश छिमेकी हो । यसले हामीमा झनै जोखिम बढाएको छ । भलै आजको मितिसम्म संक्रमित बने पनि कोरोना भाइरसले ज्यान गएको छैन् । यो अवस्थामा सञ्चारकर्मीको भूमिका अन्य समयको भन्दा झनै बढी जिम्मेवार हुनुपर्ने अवस्था रहेछ । आफ्नो अनुभव । उखानै छ, जीऊ रह्यो भने मात्र घीउ खान पाउँछ । सर्वप्रथमः त आफू सुरक्षित हुनुपर्‍यो । रेडियो, अखवार र अनलाइन पत्रकारिता गर्न एकान्तबासबाट सम्भव भए पनि टेलिभिजनमा गाह्रो छ ।

दृष्यको लागि हिँड्नैपर्ने । स्पर्शबाट मात्र नभई हावाबाट समेत कोरोना भाइरस सर्न सक्ने भएकोले दुरी कायम गर्न पर्‍यो । अन्य समाचार संकलनभन्दा संवेदनशील हुनुपर्‍यो । समाचारको सानो कमजोरीले व्यक्ति र परिवार मात्र नभई समाज नै प्रताडित हुन जान्छ । एउटै सूचनाको स्रोतले समाचार बनाउँदै आएकोमा तीनवटा स्रोत आवश्यक पर्न थाल्यो ।



दिलकुमार लावतीः संयोजक
संघीय पत्रकार मञ्च, नेपाल

चीनबाट शुरु भएको कोरोना भाइरस (कोभिड-१९)को संक्रमण विश्वको २०८ मुलुकभन्दा धेरै राष्ट्रहरुमा प्रत्यक्ष असर गरेको छ । विश्वका अधिकांश देशहरुमा लकडाउन गरिएको छ ।

विशेष गरेर हवाई मार्गबाट आवतजावतलाई नियन्त्रण गरेसँगै भाइरस फैलन नदिएर नै विश्वले यो भाइरसलाई जित्न सक्छ भन्ने बुझाई आम नागरिकको हो । हाम्रो जस्तो भूपरिवेष्ठित मुलुकमा भारतले तीनतिरबाट घेरिएको हुँदा भारतसँगको खुल्ला सीमानाका कारण धेरै कोरोना संक्रमितहरु भारतबाट आएको प्रष्ट भएको छ ।

सरकारले हवाई मार्गलाई बन्द गरेसँगै कोभिड-१९ देशभरि फैलन सकेन । त्यसैगरी सरकारले लकडाउनलाई कडाइका साथ लागू गरेको हुँदा संक्रमण पुरै देशमा फैलिएन त्यसका बाबजुद छिट्फुट रुपमा मात्रै बिरामी भए ।

विशेषतः आम सञ्चारकर्मीहरुले कोरोना सम्बन्धी जनचेतनामूलक आवाजहरुलाई उत्कृष्ट ढंगबाट आ-आफ्नो सञ्चारमाध्यमहरुबाट प्रचारप्रसार गरेको हुँदा पनि जनताहरु सुरक्षित भएको पाइयो । यस्तो जटिल परिस्थितिमा एक नेपालीले अर्को नेपालीमाथि गर्नुपर्ने मानवीय सहायताका कामहरु पनि सन्तोषजनक नै भएको छ । लकडाउनको समयमा संघीय सरकार, प्रदेश र स्थानीय तहले आ-आफ्नो स्थानबाट निम्न आयस्तरका गरीब, मजदुर र विद्यार्थीवर्गलाई समेत राहत वितरण गर्ने प्रयास गरेका छन् ।

विभिन्न सञ्चारमाध्यम र सञ्चारगृहहरुबाट पनि राहत लगायतको कार्यमा सहयोग गरेको पाइयो । त्यसकारण विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण तथा रोकथाममा सञ्चारकर्मीहरुको सबैभन्दा महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

विश्वमै जलवायु परिवर्तनसँग उब्जिने सङ्कटबाट विभिन्न महामारी निम्त्याउन सक्ने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बताइरहेको छ । त्यसकारण हामी सञ्चारकर्मी र सञ्चारमाध्यमहरुले आ-आफ्नो माध्यमबाट स्वास्थ्य सम्बन्धि भोलुम नै बनाएर राख्नुपर्दछ । जस्तोः हालको अवस्थामा कोभिड-१९ का बारेमा सचेतनामूलक लेख, अडियो, भिडियोको माध्यमबाट गाउँगाउँ वस्तीवस्तीहरुमा कार्यक्रमहरु पुऱ्याउनु उपयुक्त हुन्छ ।



इन्द्रसिंह राजवंशी
संस्थापक अध्यक्ष
आदिवासी पत्रकार संघ, झापा

विश्व प्रेस स्वतन्त्रता दिवस पत्रकार र पत्रकारितालाई सम्मान गर्ने दिन । अरु पेशाकर्मीहरुले आ-आफ्नो दिवसमा विदा पाउँछन् अनि रमाइलो गर्छन् । तर, यो महान पर्वका दिन समेत पत्रकारहरु आराम गरेर बसेका छैनन् ।

आ-आफ्नो कर्मक्षेत्रमा खटिएका छन् । त्यसै पनि विश्वव्यापी कोरोना भाइरसको महामारीका बेला पत्रकारहरुको जिम्मेवारी अझ बढेर गएको छ । जेसुकै व्याख्या गरिए पनि पत्रकारको जिम्मेवारी समाजलाई सुसूचित गराउनु नै हो । अहिले कोरोनाले विश्वलाई नै संकटमा पारिरहँदा यो महामारीको रोकथाममा पत्रकारहरु पनि लागिरहेका छन् । सूचना, समाचार र विश्लेषण दिने क्रममा हामीले समाजलाई महामारीबाट सजग र सर्तक गराउने हो । आतंकित पार्ने काम कहिल्यै गर्नु हुँदैन । लकडाउनका कारण पत्रपत्रिका बन्द भएको बेला हेर्ने र पढ्ने भनेको अहिले अनलाइन नै हो । एकपछि अर्को गरी खोलिएका अनलाइनको अस्वस्थ्य प्रतिष्पर्धाले अहिले चलेको यो पेशालाई हामी आफैले धरापमा पार्न खोजिरहेका छौँ । हल्दिबारीको एउटै घटनालाई लिएर फरक-फरक समाचार आयो ।

कसैले कोरोना पोजेटिभ देखियो भने कसैले होइन भने । अरुले खण्डन छाप्न दिएका थिएनन् , आफैले खण्डन लेखे । पोजेटिभ लेख्नेले पछि सच्याए । भ्यूअर्सले के बुझे र के मूल्यांकन गरे होलान् ? भर्खरैको अर्को उदाहरण बिर्तामोडको एउटा अनलाइनले जनता समाजवादी पार्टीको एकतापछि हुँदै नभएको 'एकताको मसी सुक्न नपाउँदै पार्टी फुट्यो' भनेर समाचार लेख्यो । म स्वयम् ताजुव भएँ । त्यसकारण यो संकटकालमा समेत हामीले जिम्मेवारीपूर्वक पेशा निर्वाह गरिरहेका छैनौं कि भनेर सोच्ने बेला भएको छ । अनि बारम्बार उठ्दै आएको मर्यादाको सवालमा पनि हामी गम्भीर बन्न सकेका छैनौं । अरुबेला भन्दा यो संकटका बेला हामीले हाम्रा आचारसंहितालाई बढी ख्याल गर्नुपर्छ । मानिसहरु संक्रमित बन्दैछन्, भोकै छन्, पीडित छन् । यस्तो बेलामा पेशासँगै आफ्नो सामाजिक उतरदायित्व पनि निर्वाह गर्न सक्नुपर्छ भन्दै विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सम्पूर्ण पत्रकारहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

## स्वास्थ्यकर्मीको बीमा

**भद्रपुर, बैशाख २१।** झापाको ओमसाई पाथीभरा अस्पतालले अस्पतालमा कार्यरत सबै जनाको जीवन बीमा गरिदिएको छ ।

अस्पतालका निर्देशक बालकुमार पोखरेलले चिकित्सक, नर्स तथा अन्य कर्मचारी गरी एक सय ४६ जनाको एक वर्षे जीवन बीमा गरिएको जानकारी दिए । कोरोना संक्रमणविरुद्ध पहिलो पंक्तिमा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीको सुरक्षाका लागि सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीसँग यही वैशाख २० गतेदेखि लागू हुने गरी सो बीमा गरिएको जानकारी दिए ।

बीमावापत एक वर्षको रु. तीन लाख ८३ हजार बीमा कम्पनीलाई भुक्तानी गरिएको र यसबाट कार्यक्षेत्रमा खटिने सबै स्वास्थ्यकर्मीको मनोबल बढ्ने उनले बताए । बीमामा भएको व्यवस्था अनुसार बीमा अवधिमा कालगतिले मृत्यु भएमा रु. पाँच लाख, कोरोना र अन्य दुर्घटनाबाट मृत्यु भएमा रु. १० लाख रकम परिवारका सदस्यले पाउनेछन् । जिल्लाका निजी क्षेत्रका अस्पतालले आफ्ना स्वास्थ्यकर्मीका लागि कोरोना जोखिमविरुद्ध बीमा गराएको पहिलो भएको जनाइएको छ ।

### १० थपिए...

पाचनप्रणालीलाई फाइदा पुऱ्याउने भनिएको छ ।

रुघा, खोकी, ज्वरो र श्वास प्रश्वासमा समस्या देखिनुलाई कोरोनाभाइरसको मुख्य लक्षण भन्ने गरिएको छ । उक्त निर्देशिकामा पानीमा पकाएर केही घरेलु जडीबुटीहरू सेवन गर्नाले त्यसले रोगप्रतिरोधी क्षमता बढाउन फाइदा पुऱ्याउने उल्लेख गरिएको छ । त्यस अन्तर्गत गुर्जोलाई पानीमा पकाएर चियाजस्तै पिउन सकिने अनि असुरोको पात र बेसारलाई चिया जसरी पकाएर पिउन सकिने उल्लेख छ ।

त्यस्तै विधिबाट दालचिनी र तेजपातलाई चिया जसरी पकाएर पिउन र सुठो, मरिच, पिप्ला र तुलसीको पात पानीमा पकाएर पिउन सुझाव दिइएको छ । उक्त निर्देशिकामा कोभिड-१९ को लक्षण अनुसार स्वास्थ्य समस्यामा प्रयोग गर्न सकिने कतिपय जडीबुटीहरूबारे उल्लेख गर्नुका साथै स्वस्थ रहन आवश्यक दैनिकीको पनि चर्चा गरिएको छ ।

आयुर्वेद र वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डाक्टर बासुदेव उपाध्याय भन्छन्- यो निर्देशिका रोगको उपचारका लागि भनेर ल्याइएको होइन। हामीले आयुर्वेद र वैकल्पिक चिकित्सा प्रणालीमा अहिलेसम्म प्राप्त वैज्ञानिक प्रमाणका आधारमा रोकथामका लागि मद्दत गर्न सक्छौं भनेर प्रष्टसँग उल्लेख गरेका छौं । उनले यो निर्देशिकामार्फत् आफूहरूले आयुर्वेद र वैकल्पिक चिकित्साप्रणालीबारे विद्यार्थी, शिक्षक र जनप्रतिनिधिहरूमाझ जनचेतना जगाउन चाहेको बताए ।

उक्त निर्देशिकामा कोभिड-१९को लक्षण अनुसार स्वास्थ्य समस्यामा प्रयोग गर्न सकिने कतिपय जडीबुटीहरूबारे उल्लेख गर्नुका साथै स्वस्थ रहन आवश्यक दैनिकीको पनि चर्चा गरिएको छ । एक जना जनस्वास्थविद् डा. शरद वन्तले स्वास्थ्य उपचारमा आयुर्वेद पद्धतिको महत्त्वलाई नकार्न नसकिने भए पनि आधुनिक चिकित्सा विज्ञान नै स्थापित र प्रमाणित भएको प्रतिक्रिया दिए । उनी भन्छन्- आधिकारिक रूपमा सरकारी स्तरबाट पनि हामीले आयुर्वेदलाई मान्यता दिएका छौँ । तर वैज्ञानिक खोज र अनुसन्धानबाट प्रमाणित भएका कुरा बढी विश्वशनीय हुन्छन् । त्यस्ता खोजका दस्तावेज नभएसम्म कतिपय दाबीहरूलाई स्वीकार गर्न असहज भइराख्छ । उनले आयुर्वेद र आधुनिक चिकित्सा विज्ञानबीच आधारभूत फरक रहेको उल्लेख गर्दै दुई पक्षले एकअर्काका कुरा राम्रोसँग बुझ्न नसकेको हुनसक्ने बताए ।

आयुर्वेदमा पनि रुचि राख्ने त्रिभुवन विश्वविद्यालय अन्तर्गतको औषधि चिकित्सा विज्ञान विभागका सहप्राध्यापक डाक्टर समोद आचार्य पछिल्लो निर्देशिकाले भाइरसको विरूद्ध जडीबुटीहरूको पनि प्रयोग गर्न सकिन्छ भन्ने बुझाउने सकारात्मक प्रयास गरेको बताए । उनले भने- राम्रो अनुसन्धान गरेर उक्त दस्तावेज तयार भएको देखिन्छ । आधुनिक चिकित्सा प्रणाली र आयुर्वेद मिलेर काम गर्ने खालको आशय निर्देशिकाले राखेको छ । नेपालको सन्दर्भमा दुवै अलग्गै होइन मिलेर जानुपर्ने अवधारणा अघि बढाउनुपर्छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## दम्भरहित राजनीतिक संस्कारको आवश्यकता

पद र स्वार्थ लोभले उत्कर्षमा पुगेको नेपाल कम्युनिष्ट पार्टीको आन्तरिक विवाद तत्कालका लागि साम्य भएको छ। पार्टी अध्यक्ष तथा प्रधानमन्त्री खड्गप्रसाद ओली सर्वसत्तावादी र निरंकुश हुँदै गएको भन्दै आलोचित भएका उनीबिरूद्ध अर्का अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेताहरू माधवकुमार नेपाल र झलनाथ खनाल उभिएपछि ओलीले आत्मआलोचना गरेपछि विवाद मत्थर भयो। शनिबार भएको पार्टी सचिवालयको दोस्रो बैठकमा एक व्यक्ति–एक पद, सरकारले गरेको काम र स्थायी कमिटीको बैठक लगायतका बिषयमा छलफल भएको थियो। बैठकमा प्रधानमन्त्रीद्वारा प्रस्तुत बामदेव गौतमलाई प्रतिनिधिसभा सदस्य हुँदै प्रधानमन्त्री बनाउने प्रस्तावले पनि चर्चा पायो।

कोभिड –१९ सँगको विश्वयुद्धमा रहेका बेला हाम्रो सरकार र सत्तारूढ दलका नेताहरू भने कुर्सीको दाउपेचमा छन्। युद्ध मैदानका सेनाध्यक्ष आफैं बिरामी छन्। जसका कारण उनी मोर्चा सम्हालेर सेनाको मनोवल उठाउन सक्दैनन्। यो संकटकै कारण उत्पन्न भोकमरी, गिर्दो अर्थ व्यवस्था र बेरोजगारी लगायतका समस्याहरू पनि चुनौतिका रूपमा उपस्थित भएका छन्। नेपाल–भारत सीमा नाकामा रोकिएका नेपालीहरुको असुरक्षित बसाइ र बैदेशिक रोजगारमा गएका नेपालीहरूको स्वदेश फिर्ताको सुनिश्चितता सरकारका थप चुनौति हुन्। बन्दीका कारण बेरोजगार हुनुपर्दा परिवार भोकै बस्न बाध्य भएपछि आत्महत्या गरेको घटना पनि सार्वजनिक भएको छ। सरकारले दिने राहतमा विभेद भएको, खान अयोग्य वस्तु बाँडेको र यस्तै निहुँमा जनप्रतिनिधि पिटिएको जस्ता समाचार प्रकाशमा आएका छन्।

बिभुक्षित किं न करोती पापम् भनिएको छ। यसैले उखान चलेको होला –भोको भन्छ डाँडावारी खाउँ, अघाको भन्छ डाँडापारी खाउँ। पेटको भोकले नीति –अनीति जान्दैन। कतिपय अपराध यही भोकले सृजना गरेका घटना पनि छन्। हामी यसबेला कोरोना भाइरसको अदृश्य शत्रुसँगको प्रतिरोधको लडाइँमा छौं भने त्यसले उत्पन्न गरेको बेरोजगारी, असुरक्षा र भोकमरीको चपेटामा पनि छौं। अभिभावक भनेको सरकार भने शक्तिको उन्मादले आफैंभित्र संघर्ष गर्दैछ। संविधानको भावना विपरीत उही अवधिको निर्वाचनमा पराजीत उम्मेदवारलाई संसदमा भित्र्याएर भए पनि सत्ताबिमुख नहुने रणनीतिमा लागेको छ।

हाम्रा सनातनी मान्यताले "अतिले खती गराउँछ" भनेको छ। यस्तै अतिले महाशक्तिशाली रावण वानप्रस्थमा रहेका रामसँग पराजीत भयो, अति दानी हुँदा वलिराजाले बाँधिनु पर्यो, अति सुन्दरी भएकै कारण देवी सीताले अपहरणको पीडा भोग्नु पर्यो। यी वैदिक सनातनी सभ्यता र संस्कृतिका मान्यता हुन्। यिनको अनुशरण गरेर आदर्श, नैतिक, सदाचारी र नैष्ठिक बन्नु पर्ने मात्र होइन आदर्श बनिनु पर्छ। अझ समाज रूपान्तरण र समुन्नतिका खातिर नेतृत्व गर्छु भन्नेहरूले मूल्य र मान्यतामा रत्तिभर सम्झता गर्नु हुँदैन। हाम्रा नेतृत्वहरू यहीं चुकेका छन्, चिप्लिएका छन् र आशा, विश्वास र भरोसाबाट स्खलित हुँदैछन्। यदि यसलाई चुक्न नदिने र आस्था जगाइ राख्ने हो भने देश र जनताको अस्मिता र स्वाधीनताको रक्षाका लागि स्वार्थरहित एवम् मूल्यको राजनीति गर्नुपर्छ। यसले मात्र देश, जनता र जनताको अपेक्षा पूरा गर्न सक्छ, यसतर्फ सरकार र दलहरू गम्भीर बनून्।

# एस्पेरान्तो बन्नसक्छ वैश्विक भाषा



तीर्थराज खरेल

बोलिने भाषाको आधारमा जातीय दुश्मनी र ऐतिहासिक शत्रुतालाई बीचमा पर्खाल बनाएर बैमनश्यताको भावनासमेत सृजना गर्ने हाम्रो परिपाटी रहिआएको छ। अंग्रेजी भाषाको बोलबाला भइरहेको आजको विश्वमा संसारमा अन्तर्राष्ट्रिय वैकल्पिक भाषाको रुपमा अन्य भाषालाई उभ्याउन खोज्नु असम्भव जस्तो लाग्छ। तर अंग्रेजीबाहेक स्पेनिस, पोर्चुगिज, फ्रेञ्च, जर्मन, चिनियाँ, अरबी, हिन्दी, जापानी लगायतका भाषाहरु वैकल्पिक भाषाको रुपमा विकास भइरहेका छन्। यस्तै वैकल्पिक वैश्विक भाषाको रुपमा एस्पेरान्तो भाषालाई पनि लिन सकिन्छ। एस्पेरान्तो एउटा अन्तर्राष्ट्रिय भाषा हो। पोल्याण्डका डा.लाजारो लुदोभिक जामेनहोफले सन् १८८७ मा सृजना गरेको यो भाषा अहिले आएर संसारका १ सयबढी देशहरुमा प्रयोगमा आएको छ। यो भाषाको सृजना गरिएका बेलामा भाषाकै कारणले देश तथा जातिहरु बीचमा द्वन्द्वको अवस्था थियो। एउटा व्यक्ति र अर्को व्यक्तिको भाषाको कारणले वैमनश्यता नहोस् र सबैको साझा भाषा हुन सकोस् भनेर डा. जामेनहोफले यो भाषा निर्माणका लागि वर्षौं मेहनेत गरेका थिए। अंग्रेजी, नर्वेजियली, स्पेनिश, फ्रेञ्च, जर्मन, पोर्तुगाली लगायतका युरोपका धेरै भाषाको मूल ल्याटिन र ग्रीक लगायतका भाषाहरु हुन्, सबैको साझा भाषा निर्माण गर्न मूललाई ग्रहण गर्न आवश्यक छ र भाषामा रहेका जटिलतालाई न्यूनीकरण गरी सरलीकृत रुपमा भावना, विचार सम्प्रेषणको माध्यमका रुपमा भाषाले काम गर्नुपर्छ भन्ने सिद्धान्तको जगमा यो भाषा निर्माण गरिएको हो। भाषाले विश्वबन्धुत्व, भाइचारा, मेलमिलापमा जोड दिनुपर्ने डा. जामेनहोफको सोच थियो। भाषाका कारण शत्रुता नहोस् र भाषाका कारण कुनै पनि देशमा लडाइँ नहोस् र कसैले पनि अकालमा ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यका साथ स्थापित यो भाषा दिनप्रतिदिन लोकप्रिय हुँदै गएको छ र यो भाषा बोल्ने मानिसको संख्या द्रुत गतिमा बढ्दै गएको छ।

यो भाषा विश्वका सम्पूर्ण भाषा, धर्म, संस्कृति, भेषभुषा, जातजाति, लिङ्ग, राजनीति तथा समुदायको सम्मान गर्दछ। यसै कारण अमेरिका, चीन, भारत लगायत संसारका धेरै देशमा यो भाषा निर्वाध रुपमा प्रयोगमा आइरहेको छ र यसको प्रचार भइरहेको छ। अहिले त यो भाषा प्रत्येक देशको कलासंस्कृति तथा अन्य विविधतालाई एक आपसमा साटासाट गर्ने उपयुक्त माध्यम बनिरहेको छ। सन् १८५९ को डिसेम्बर १५ मा तत्कालीन रुसी प्रान्त ब्यालिस्तोक (हाल पोल्याण्ड) मा जन्मेका डा. जामेनहोफले सन् १८८७ को जुलाई २३ मा रुसी भाषामा 'डाक्टर एस्पेरान्तो' भन्ने सानो पुस्तक लेखेर नयाँ तरङ्ग ल्याए। उनको जन्म भएको प्रान्तमा राजनीतिक अस्थिरताका कारण विभिन्न देशका बासिन्दा आएर बसेका थिए र तिनीहरुका बीच मुख्यतः भाषाकै कारण शत्रुता रहेको थियो। उनी बाल्यावस्थामै छँदा भाषाकै कारण उत्पन्न शत्रुता र हिंसाको परिस्थितिबाट वाक्कदिक्क भएका थिए र सन् १८७८ मा अन्तर्राष्ट्रिय भाषाको प्रारुप तयार गरेका थिए, तर उनी विदेशमा अध्ययनका लागि गएका बेला छोराको कामलाई वाहियात भनेर जलाइदिए उनका बाबुले। उनी मस्को र वार्सामा चिकित्साशास्त्र अध्ययन गर्न गए र सन् १८८५ मा डाक्टरको उपाधि हासिल गरे। त्यसपछि ६ वर्षको अबिरल खोज, अनुसन्धान र अथक परिश्रमको फलस्वरुप उनले कल्पना गरेजस्तो अन्तर्राष्ट्रिय भाषाको पूर्णरुप तयार भयो।

एस्पेरान्तोको शाब्दिक अर्थ आशावादी भन्ने हुन्छ। यस भाषाको संकेतको रुपमा पाँचकुने हरियो तारालाई लिइन्छ। हरियो रंगलाई आशाको प्रतीक मानिन्छ। एस्पेरान्तो सबैभन्दा व्यापकरूपमा प्रयोगमा आएको अप्राकृतिक भाषा हो जुन सजिलैसँग सिक्न सकिने तरिकाले बनाइएको छ। हालसम्म कुनै देशले पनि एस्पेरान्तोलाई आफ्नो आधिकारिक भाषा नबनाए पनि यो भाषाका प्रयोगकर्ताहरू ५० लाखसम्म भएको अनुमान छ। हाल यो भाषालाई अन्तर्राष्ट्रिय सञ्चार तथा भ्रमणका लागि ज्यादा प्रयोग गरेको पाइन्छ।





एस्पेरान्तो भाषामा किताब तथा पत्रिका प्रकाशित हुने गर्दछन्। यस भाषाको विकासका लागि विभिन्न देशमा सम्मेलनहरू पनि हुने गर्दछन्। तीमध्ये सबभन्दा ठूलो बैठक हरेक वर्ष फरक-फरक देशमा हुने 'विश्व एस्पेरान्तो कंग्रेस' हो जसमा ६० भन्दा बढी देशबाट आएका २ हजार बढी सहभागी हुन्छन्। एस्पेरान्तोमा शब्द धेरै भाषाबाट आएका छन्। तीमध्ये प्रायः जसो ल्याटिन भाषा र अरू दक्षिण युरोपेली भाषाबाट आएका छन्, जसले गर्दा कुनै युरोपेली भाषा जानेको व्यक्तिलाई यो भाषा सिक्न निकै सजिलो पर्दछ। पहिलो विश्व सम्मेलन फ्रान्सको बुल्योनसुरमेर शहरमा सन् १९०५ मा सम्पन्न भयो, जसमा ७ सय एस्पेरान्तो भाषीले भाग लिएका थिए। सन् १९०८ मा विश्व एस्पेरान्तो संघ स्थापना भएपछि यो भाषाको प्रचारले संस्थागत साथ पायो र आज संयुक्त राष्ट्र संघ र युनेस्कोले समेत मान्यता दिएर यसको विकास तीव्र गतिमा भइरहेको छ। सयभन्दा बढी देशमा एस्पेरान्तो संघहरु यो भाषाको प्रचारका लागि क्रियाशील छन्।

नेपालमा पनि एस्पेरान्तो भाषा लोकप्रिय हुँदै गएको छ। लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम लगायतले पनि यो भाषा सिकेका थिए। नेपालमा एस्पेरान्तो भाषाको प्रचलन सन् १९५६ मा टिबोर सिकेलले गरेका थिए। यसैताका काठमाण्डौमा एस्पेरान्तो संघको पनि गठन गरिएको थियो। अत्यन्त सरल तथा न्यूनतम् व्याकरणात्मक नियमहरु प्रयोग गरी सिर्जना गरिएको यो भाषा स्पष्ट, अर्थपूर्ण र लचकदार छ। छोटो समयमा सामान्य बोलीचालीमा प्रयोग गर्न सकिने संसारको एकदमै सरल भाषाको रुपमा यो भाषालाई लिन सकिन्छ। अन्तर्राष्ट्रिय सहायक भाषाको रुपमा पहिचान बनाइसकेको यो भाषाले स्थानीयस्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म हरेक वर्ष सभासम्मेलन गर्दै व्यापार, पर्यटन, शिक्षा लगायतका क्षेत्रको विकासका लागि ठूलो भूमिका खेल्दै आएको छ। लगभग ३० वर्षको सुस्ततापछि सन् १९९० पछि नेपालमा यस भाषाको प्रचारले फेरि तीव्रता पाएको छ। मेची अञ्चलमा पनि सन् २०१४ देखि धीमा गतिमै भए पनि एस्पेरान्तो भाषाप्रतिको जिज्ञासा बढ्दै गएको छ र औंलामा गन्न सकिने भाषा बोल्न सक्ने भाषाका विद्यार्थीहरु यो भाषाको विकास र विस्तारमा लागीपरेका छन्।

हामी यो कल्पना मात्र गर्न सक्छौं कि संसारको अर्को कुनामा जाँदा भाषिक समस्या आइनपरोस् अनि आफ्नो घरका सदस्यसँग झैं कुराकानी गर्न सकियोस् तर यथार्थमा यो सम्भव देखिँदैन किनभने एउटै भाषामा पनि भौगोलिक र अन्य कारणहरूले गर्दा साधारण असमानता आएर विभिन्न भाषिकाहरूको निर्माण हुन जान्छ भने यत्रो ठूलो संसारमा सबैको मुखमा एउटै मात्र बोली हुनसक्ला भन्ने कुरा कल्पना पनि गर्न सकिँदैन। जहाँ-जहाँ भाषिक साम्राज्यवादहरूको बोलाबाला हुन्छ त्यहाँ-त्यहाँ सिक्न सजिलो, बहुभाषावाद, भाषिक अधिकार र भाषिक विविधतामा विश्वास गर्नेहरूको भाषाः एस्पेरान्तो एक तटस्थ उपचार भएर उभिन्छ। त्यसमा पनि यसले अहिले भाषिक न्यायलाई आफ्नो नारा बनाएको छ। यस भाषालाई विभिन्न देशमा विभिन्न परिवेशमा विभिन्न प्रकारका मानिसले आफ्नो आफ्नो रुचि र उद्देश्यअनुसार प्रयोग गर्छन्। यहाँ कसैले कुनै भाषा प्रयोग र संरक्षण गर्नलाई कसैले दिएको हकको आवश्यकता पर्दैन।

आजको युगमा मानिसहरूको विभिन्न देशहरूसँग विभिन्न सम्बन्ध रहिरहन्छ, संसारभरका देशहरूमा जानु भनेको टोल छिमेकीको घर जानु जत्तिकै भइरहन्छ। यस्तो अवस्थामा सबै देशको सबै भाषा सिकिराख्ने कुरा पनि आएन। त्यसैले आजभोलि यस्तो एउटा भाषा, जसले दुई विभिन्न भाषभाषी देश बीच विचारको आदानप्रदान गराउँछ, त्यसको आवश्यकता महसुस गरिनु स्वभाविक हो। आज यो विश्वको सामु विभिन्न देशवासीहरू बीच व्यक्तिगत सम्पर्क कायम गर्ने अद्वितीय माध्यम भएको छ। विभिन्न देशमा पत्रमित्रता गर्ने सजिलो माध्यम हुनुका साथै कुनै पनि देशमा बस्ने किन नहोस्, एक एस्पेरान्तोविद् अर्कोसँग भेट्नासाथ राजनैतिक सीमाना नाघी आत्मीय मित्र बन्दछन्। अझ युरोपेलीहरू त आफ्ना पत्रमित्रहरूलाई खाने बस्ने व्यवस्था गरिदिएर बोलाउँछन्। फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालको प्रचलन आएपछि यस्तो सम्बन्ध झन् व्यापक हुन थालेको छ।

tirthakharel2028@gmail.com

## कुर्सीको मोह त्यागौं



बिन्दा गिरी

नेपालले दुईतिहाई कम्युनिष्ट सरकारको भारी बोक्नु परेको छ। गाउँ,नगर, वडा सबैतिर स्थानीय सरकारले जसोतसो समस्या टालटुल गर्न खोजिरहेको छ।

यता प्रधानमन्त्री ८० करोडको राहत बाँडियो भनेर भाषण गरिरहनु भएको छ । कागजमा बाँडेभैगो जनताको घरसम्म पुऱ्याउनु परेन। वास्तवमा प्रधानमन्त्रीज्यू तपाईंको के दोष ? १४ बर्ष जेल बसेर गरेको बलिदान न धनसम्पत्ति कमाउनु छ, न त छोराछोरी नै पाल्नु छ। वस, कुर्सी जोगाउनु छ, त्यसका लागि हजारौं सेतो हात्तीलाई मैमत्त हुनेगरी पोस्नु किन नपरोस् ? विश्वव्यापी रूपमा कोरोना संक्रमण फैलिरहेको अवस्थामा भौगोलिक हिसाबले कयौं गुणा ठूलो र जनसंख्याको हिसाबमा पनि सयौं गुणा बढी भएको राष्ट्रका सरकारको आलोचना भएको छैन तर नेपालको सन्दर्भमा जम्मा जनसंख्या पौने ३ करोडको हाराहारीमा छन्। त्यसमध्ये पनि कर्मचारी लगायत सुरुबुरु खान पुग्ने परिवार डेढ करोड जतिलाई राहत जरुरी परेन। बाँकी ६५ लाखभन्दा बढी विभिन्न सिलसिलामा बिदेशतिरै छन्। लगभग त्यसमध्ये पनि सरसापट गरेर काम चलाउन सक्ने परिवार २० लाख होलान्। साँच्चिकै राहत दिनपर्ने जनसंख्या ३५ लाखको हराहारीमा होलान्। ती मध्ये पनि ४ जनाको परिवारलाई १५ केजीको दरले चामल र ३ केजी दाल दिँदा निरक्षर जनताले पनि सजिलै ८० करोडको हिसाब निकाल्छन्।

त्यो सरकारले बाँडेको राहतभन्दा बढी त आम सहयोगी हातहरुले दिएको राहत बढी भयो होला। सोध्न मन लाग्छ कहाँ गयो राष्ट्रको ढुकुटी ? नेपालमा बर्षेनि सबैभन्दा बढी बजेट स्वास्थ्य र शिक्षामा छुट्याइन्छ। तर आजको कोरोना संक्रमणको अवस्थामा न स्वास्थ्य संस्थामा स्वास्थ्य सामग्री छ, न त शिक्षामा कुनै नयाँ प्रविधिको विकास नै भएको छ। लकडाउनको बेला घरमा बसेर टुलुटुलु हेर्न बाहेक केही विकल्प छैन। लाटो नेताको देशमा गाँडो तन्नेरी जनता भएको परिस्थिति छ अहिले। राष्ट्रलाई निकास र विकास दिन नसक्नेहरुले कुर्सी कब्जा गर्ने खेल मात्रै खेल्दा हुँदा खाने र हुनेखाने बीचको खाडल गहिराइतिर भासिँदै छ,अर्थतन्त्र धरासायी बन्दै छ।

सरकारप्रति जनताको आशा भरोसा मेटिँदै गएको छ। प्रधानमन्त्रीज्यू भन्नुहुन्छ -म घरमा बसेर देश चलाउँदैछु। गल्ती त्यहीँनेर भयो तपाई अशक्त हुनु भयो अनि अर्धमुर्क्षित अवस्थामा छ देश। आजकाल सामाजिक सञ्जालमा हेर्दैछु बेमौसमी बाजा बजेको। अबको प्रधानमन्त्री को बन्ने ? केपी ओली ? माधबकुमार ? प्रचण्ड ? झलनाथ ? बामदेव ? अथवा बाबुराम भट्टराई ? म त भन्छु - पत्रुमा पनि काम नलाग्ने डिस्पोजको अवस्थामा पुगेका म्याद सकिएका औषधिहरु हुन् यिनीहरु। त्यसको सेवन गर्दा कस्तो हानी पुग्छ जनताले बिचार गर्नुपर्ने बेला भएको छ। जब एकपटक प्रधानमन्त्री भइसके पछि राष्ट्रको समस्या सम्बोधन गर्न नसक्ने, महङ्गी, भ्रस्टाचार नियन्त्रण गर्न नसक्ने अनि आफ्नो र आफन्तको पोल्टो भर्नका लागि मात्रै प्रधानमन्त्री बन्छु भन्न लाज लाग्नुपर्ने हैन र ? राष्ट्र समृद्धितिर लैजाने कुनै योजना र उद्देश्य नभएको व्यक्तिले राज्य चलाउँछु भन्न कतिको उचित होला ? राष्ट्रले परिवर्तन मागेको छ जनताले आवाज उठाउनु पर्छ। नत्र भावी सन्ततीले हामीलाई सराप्ने छन्। जय राष्ट्र !

# कोरोनाबाट विश्वभर ७३ नेपालीको मृत्यु

**झापा, बैशाख २०।** विश्वभर महामारीका रुपमा फैलिरहेको कोभिड-१९ संक्रमणका कारण शनिबार साँझसम्म मृत्यु हुने गैरआवासीय नेपालीको संख्या ७३ पुगेको छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए), स्वास्थ्य समितिले संकलन गरेको तथ्यांक अनुसार बेलायतको ग्रेटर लण्डनमा २७, मिडल्याण्डमा आठ, साउथ इष्टमा ११ र साउथ बेष्टमा तीन गरी ४९ जनाको मृत्यु भएको छ।

यस्तै संयुक्त राज्य अमेरिकामा कोरोना भाइरस संक्रमणका कारण ज्यान गुमाउनेको संख्या १५ पुगेको छ। तीमध्ये मध्ये न्युयोर्कमा १२, कोलोराडोमा दुई र भर्जिनियामा एक जनाको मृत्यु भएको हो। यस्तै संयुक्त अरब इमिरेट्स् (युएई) मा पाँच तथा आयरल्याण्ड, जापान, टर्की र नेदरल्याण्ड्समा एक-एक जनाको संक्रमणका कारण ज्यान गएको समितिका संयोजक डा. सञ्जीव सापकोटाले जानकारी दिएका छन्।

डा. सापकोटाका अनुसार नेपालबाहेक विश्वभर पाँच हजार २ सय ४७ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित छन्। संक्रमितमध्ये एक हजार ५सय ७० जना संक्रमणमुक्त भएको जनाइएको छ। उनका अनुसार मध्यपूर्वका केही देशमा कोरोना भाइरस संक्रमणका कारण प्रभावित हुनेको संख्या झनै बढिरहेको देखिएको छ। ती देशले दुई हजार तीन सय नेपाली श्रमिकमा कोरोना संक्रमण भएको तथ्यांक सार्वजनिक गरेका छन्।

विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सकको समूहले तयार पारेको सो आँकडा अनुसार २७ देशमा रहेका नेपाली कोरोना भाइरसबाट संक्रमित छन्। स्वास्थ्य समितिका अनुसार विभिन्न मध्यपूर्वका देशमा दुई हजार तीन सय, अमेरिकामा एक हजार पाँच सय, बेलायतमा एक हजार, बहराइनमा एक सय २६, युएईमा एक सय, कुवेतमा ७८, नेपालमा ५९, साउदी अरबमा ३४, पोर्चुगलमा २६, आयरल्याण्डमा २२, स्पेनमा १२, अष्ट्रेलियामा १०, बेल्जियम र जापानमा ६-६, स्वीडरल्याण्ड र क्यानडामा पाँचपाँच, जर्मनीमा चार, साइप्रस, मलेसिया र न्युजिल्याण्डमा तीन-तीन, माल्दिभ्स, माल्टा र हङ्कङ्गमा दुई-दुई तथा म्यानमा र फ्रान्समा एक-एक गैरआवासीय नेपालीलाई कोरोना संक्रमण भएको एनआरएन, कोडिभ- १९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए।

एनआरएले कोरोना भाइरसको महामारीबाट प्रभावितको सहयोगार्थ ४५ देशका राष्ट्रिय समितिमा राहत वितरणको काम गरिरहेको एनआरएका महासचिव डा. हेमराज शर्माले बताए। उनका अनुसार विभिन्न देशमा कोरोना महामारीबाट प्रभावित ३५ हजारभन्दा बढी नेपालीलाई राहत वितरण गरिएको छ।

यसैबीच एनआरएनएका अध्यक्ष तथा एनआरएन, कोभिड- १९ उच्चस्तरीय समितिका संयोजक कुमार पन्तले अध्यक्ष पन्तले सबै गैरआवासीय नेपालीलाई कोरोना भाइरसको महामारीविरुद्ध एकजुट भएर लड्न आग्रह गर्दै विभिन्न देशका सरकारी निकायले जारी गरेका स्वास्थ्य नियमलाई कडाइका साथ पालना गर्न आह्वान गरेका छन्। स्वास्थ्य समितिले विदेशस्थित विभिन्न अस्पतालमा कार्यरत् करीब ३५ नेपाली चिकित्सक, नेपाली कूटनीतिक नियोग, एनआरएनका शाखा तथा स्थानीय संघसंस्थाद्वारा प्राप्त सूचनालाई मुख्य आधारलाई मानेर हरेक आइतबार विदेशमा रहेका नेपालीको कोरोना संक्रमणको अनुमानित तथ्यांक सार्वजनिक गर्दै आएको छ।

## भारतमा कोरोनाबाट १३ सयको मृत्यु

**नयाँदिल्ली, बैशाख २१।** भारतमा कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या दिनदिनै बढिरहेको छ। आइतवार विहानसम्ममा भारतमा कोरोनाभाइरसको संक्रमणबाट ८३ जनाको मृत्यु भएको छ भने २ हजार ६४४ जना संक्रमित भेटिएका छन्।

भारतमा योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या १ हजार ३ सय एकजना पुगेको छ भने संक्रमितको संख्या ३९ हजार ९ सय ८० जना पुगेको भारतीय केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

हाल भारतमा कोरोना संक्रमितमध्ये १० हजार ६ सय ३३ जना निको भएका छन्। कूल संक्रमितमध्ये २८ हजार ४६ जना उपचारकै क्रममा रहेका छन्। महाराष्ट्रमा मात्र संक्रमितको संख्या १२ हजार २ सय ९६ पुगेको छ भने ५ सय २१ जनाको मृत्यु भएको छ।

# कोरोनाले खोरेत फैलियो

**विनोद सापकोटा**

**भिœलभिœले, बैशाख २१।** झापाको शिवसताक्षीमा गाईबस्तुमा लाग्ने संक्रमण रोग खोरेत फैलिएको छ। धार्मिक तथा पर्यटकीय सताक्षीधाममा स्थापित गोलोक गोवर्द्धन गौशालाका २८ वटा गाईमा खोरेत रोग फैलिएको हो।

गौशालामा ३ सय ५६ गाईगोरु छन्। बस्तीबाट रतुवामाई बृक्षारोपण आयोजनाको जंगलमा चरनमा जाने चौपायाबाट गौशालामा खोरेत भित्रिएको हुन सक्ने अनुमान गरिएको छ। गौशालाबाट पनि गाईगोरु आयोजनाको जंगलमा चरनमा जाने र सँगै चर्ने गरेको चौपाया हेरालुले बताएका छन्।

खोरेत रोग लाग्दा पशुको खुर पाकेर पिप आउने, च्यापु सुन्निने गर्छ। यस्तै मुखभित्रको म्युकस झिल्ली रातो रङ्गको हुने, मुखभित्र जिब्रो, गिजा र खुट्टाको दुई खुरको बीचमा फोका बन्ने, मुखबाट बाक्लो लस्सादार र्‍याल चुहिरहने, खुट्टा खोच्याउने, १०६ डिग्री फरेनहाइट ज्वरो आउने, दानापानी नखाने, दुहुना पशुले दूध उत्पादन घटाउने गरेको पशु प्राविधिकले बताएका छन्।

गौशालाका प्रमुख आचार्य नन्दकिशोर भारद्धाजका अनुसार गाईको थुन र फाँचोमा पनि घाउ आउन सक्ने, थुनेलोसमेत गराउने, कतिपय ब्याउने पशु तुहिन्छ र बाँझोपनका लक्षणहरु समेत देखापर्ने आचार्य भारद्धाजले बताए। गत वर्षपनि खोरेत रोगको संक्रमण गौशालामा भित्रिएको थियो। यसपटक भने साता दिन यता २८ गाईगोरुमा खोरेत रोग देखापरेको छ।

गौशालामा नेपालका बिभिन्न जातका गाई छन्। यस्तै भारतका पनि विभिन्न प्रान्तका गाईगोरु ल्याएर नश्ल सुधार भइरहेको छ। नेपालबाट भारत निकासाका लागि लगिएका गाईलाई प्रहरीले नियन्त्रणमा लिएर गौशाला लगेर संरक्षण गर्ने गरेको छ। प्रहरीले समातेका मात्र गौशालामा ८० भन्दा बढी गाई छन्।

खोरेत रोगको संक्रमण गौशालामा फैलिएको शिवसताक्षी नगरको पशु सेवा शाखालाई जानकारी नै छैन। कतैबाट सूचना नआएका कारण थाहा नभएको पशु स्वास्थ्य शाखाका अधिकृत रामअवतार यादवले बताए। उनका अनुसार यसअघि असोज अन्तिम सातामा गौशालाका गाईगोरुमा एफएमडी नामक भ्याक्सिन लगाइएको थियो। प्रत्येक छ महिनामा लगाउनु पर्ने उक्त भ्याक्सिन कोरोना त्रासका कारण लकडाउनले ढिला भएको उनले बताए।

शिवसताक्षी नगरमा प्रदेश सरकारले १० हजार भ्याक्सिन दिएको छ। एउटा भ्याक्सिन लगाउँदा पशु प्राविधिकले १० रुपैयाँ सुविधा पाउने छन्। संघीय सरकारको भ्याक्सिन लगाउने कार्यक्रममा प्राविधिकका लागि बजेट नआउँदा विलम्ब भएको हुन सक्ने अर्का प्राविधकले बताएका छन्। शिवसताक्षी नगरपालिकाकै पशु स्वास्थ्य शाखामा प्राविधिकको जनशक्ति अभाव हुँदा पनि भ्याक्सिन लगाउने कार्यमा विलम्ब भएको हुनसक्ने नगरपालिकाकै एक कर्मचारीले बताए।

उनका अनुसार आइतबार बिहान पशु प्राविधकको टोली सताक्षीधाम पुगेर खोरेतको संक्रमणले बिरामी परेका गाईगोरुलाई अलग-अलग क्वारेन्टाइनमा राख्ने र पशुलाई भ्याक्सिन लगाउने कार्य शुरु भएको बताइएको छ।

# कोरोनाबाट बच्न गर्नुपर्ने पाँच काम

**उमाकान्त खनाल**

**झापा, बैशाख २१।** अहिलेसम्म पाइएका संक्रमितहरूको सामाजिक बसाइ भाइरस सर्न नसक्ने किसिमको दुरीमा नभएको भन्दै जनस्वास्थ्य विज्ञहरूले चिन्ता प्रकट गरेका छन्। अधिकांश संक्रमितहरूको बस्ती अत्यन्तै बाक्लो भएकाले कोरोनाभाइरस एकअर्कामा सजिलै सरेको उनीहरूको बुझाइ छ। जनस्वास्थ्य विज्ञहरूले न्यूनतम् पाँचवटा सुझाव अवलम्बन गर्न सर्वसाधारणलाई सुझाएका छन्।




**१. लकडाउनको पूर्ण पालना**

कोरोनाभाइरसको संक्रमण नियन्त्रणका लागि जारी रहेको लकडाउन कतिपय स्थानमा पालना नभएको पाइएको छ। धेरै शहरी तथा बाक्लो बस्ती भएका स्थानमा विनाकाम मानिसहरू घरबाट बाहिर निस्केभने संक्रमित व्यक्तिहरूको सम्पर्कमा आउने सम्भावना बढ्ने भएकाले संक्रमणको जोखिम बढ्ने चिकित्सकहरू बताउँछन्। प्रदेश नं १ को सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य महाशाखाका प्रमुख सुरेश मेहताका अनुसार घरबाट बाहिर ननिस्किँदा संक्रमणको जोखिम घट्छ।

तर संक्रमित क्षेत्रका मानिसहरूले लकडाउनको पूर्ण पालना नगरेको उनले बताए। उनले भने -'संक्रमण भएका स्थानहरूमा बाक्लो बस्ती छ। घरबाट ननिस्किएको भए संक्रमण फैलने सम्भावना कम हुन्थ्यो। तर बस्तीमा हेलमेल ज्यादा भएको पायौं।'

**२. सामाजिक दुरी कायम गर्ने**

प्रदेश नं १ मा संक्रमणको स्थिति हेर्ने हो भने हालसम्म जुन समुदायका मानिसहरूमा ज्यादा संक्रमण भएको पाइयो तिनको बस्ती अत्यन्तै बाक्लो अवस्थामा रहेको देखिएको मेहताले बताए। ती स्थानमा सामाजिक दुरी कायम गराउन निकै गाह्रो भएको उनको अनुभव छ।

मेहताले भने- मैले उदयपुरको भुल्के गएर हेरैं। सामाजिक दुरी कायम नभएकैले त्यहाँ एक जनाबाट अर्कोमा संक्रमण सरेको जस्तो लाग्छ। प्रदेश नं १ का संक्रमितहरू सबै निम्न आयस्रोत भएका मानिसहरू रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। कम्तीमा एक-आपसमा तीन फिटको दुरी कायम हुँदा संक्रमणको जोखिम कम हुने स्वास्थ्यकर्मी बताउँछन्।

**३. सरसफाईमा ध्यान**

बाक्लो बस्ती भएको स्थानमा संक्रमणको जोखिम बढ्ने भएकाले सरसफाईमा निकै ध्यान दिइनुपर्ने स्वास्थ्यकर्मीको भनाइ छ। त्यसमा पनि मानिसले हात बारम्बार नाक तथा मुखमा लगिराख्ने भएकाले साबुनपानीले हात पटक -पटक धुनुपर्ने उनीहरूको सुझाव छ। स्वास्थ्य महाशाखाका प्रमुख मेहता भन्छन्- 'संक्रमित व्यक्तिहरूको स्थिति हेर्दा सरसफाईमा ध्यान नपुगेको जस्तो देखिन्छ। साबुनपानीले हात धोइरहने हो भने पनि संक्रमणको दर कम गर्न सकिन्छ।'

**४. घर बाहिर निस्किँदा मास्कको प्रयोग**

घरभित्र रहँदा मास्कको प्रयोग गर्न जरुरी नरहे पनि घर बाहिर निस्किँदा मास्कको प्रयोग गर्न स्वास्थ्यकर्मीले सुझाव दिएका छन्। खासगरी परीक्षणको दायरा नबढाइञ्जेलको व्यक्ति संक्रमित छ भन्ने यकिन नहुने भएकाले पनि मास्कको प्रयोग गर्न उनीहरूले सुझाव दिएका हुन्।

मास्कको प्रयोग गर्ने तरिका सही नभए त्यसले संक्रमणको जोखिम झन् बढ्नेतर्फ स्वास्थ्य महाशाखाका प्रमुख मेहता सचेत गराउँछन्। उनी भन्छन् -'संक्रमित व्यक्ति चिन्ने अवस्था हुँदा जोगिन सजिलो हुन्छ। तर लक्षण बिनाका संक्रमितबाट जोगिन गाह्रो छ। त्यसैले घरबाट निस्किँदा मास्कको प्रयोग गर्नुपर्छ।'

**५. स्वास्थ्यकर्मीलाई खबर गर्ने**

कोरोनाभाइरसको संक्रमणसँग मेल खाने लक्षण भएका मानिस भेटिए तुरुन्त स्वास्थ्यकर्मी वा स्थानीय तहका स्वास्थ्य शाखामा खबर गरिदिन सामाजिक विकास मन्त्रालयले सर्वसाधारणसँग आग्रह गरेको छ।

व्यक्ति स्वयम्मा त्यस्तो लक्षण देखिएपनि स्वास्थ्यकर्मीलाई सम्पर्क राख्न मन्त्रालयको आग्रह छ। सामाजिक विकास मन्त्रालयकी राज्यमन्त्री जसमाया गजमेरका अनुसार बाहिर देशबाट आएका तर लुकेर बसेकाले अन्य प्रदेशको तुलनामा प्रदेश १ मा समस्या बढेको हो। उनले भनिन्- 'घरमै क्वारेन्टाइनमा पनि राम्रोसँग बसिदिएको भए हुन्थ्यो। त्यति नगरिदिएपछि समस्या बढ्यो।' (वीवीसी)

# विवाहको १८, ब्रतबन्धको ४ लग्न

**झापा, बैशाख २१।** वैदिक विधिअनुसार विवाह गर्न चाहनेका लागि वि.सं. २०७७ मा जम्मा १८ वटा मात्र लग्न निस्किएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ।

वर्षको पहिलो महिना वैशाखमा सबैभन्दा बढी अर्थात् सातवटा लग्न निस्किएको समितिका अध्यक्ष प्रा. डा. रामचन्द्र गौतमले जानकारी दिए। वैशाखको १३, १४, १९, २०, २२, २३ र २५ गते लग्न जुरेको समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा पनि उल्लेख छ।

कोरोना भाइरसको सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका क्रममा यी सबै लग्न सकिनेछन्। गत चैत ११ गतेदेखि कोभिड-१९ को सङ्क्रमणबाट बच्न सरकारले बन्दाबन्दी गरेको छ। वैशाख २५ गतेपछि पनि बन्दाबन्दी बढ्ने सम्भावना हुनसक्छ। पहिलो महिनामा दिइएको वर्षकै सबैभन्दा बढी विवाहको लग्न बन्दाबन्दीमै सकिने भएपछि यो वर्ष लगनगाँठो कस्ने योजना बनाइरहेका युवायुवती प्रभावित भएका छन्।

यसैगरी जेठको ४, ५, १० र ३१ गते गरी चारवटा लग्न छ। असारमा ११, १३ र १४ गते तीनवटा मात्र लग्न छ। मंसीरको १६, २१, २२ र २६ गते गरी चारवटा मात्र लग्न निस्किएको समितिले जनाएको छ। यस वर्ष मंसीरपछि विवाहको लग्न छैन। माघ र फागुनमा बृहस्पति एवम् शुक्र ग्रह अस्त हुने भएकाले विवाहको लग्न ननिस्किएको अध्यक्ष गौतमले बताए।



यसवर्ष जेठ १७ गते शनिबार पश्चिममा शुक्र अस्त भई २६ गते सोमबार पूर्वमा उदय हुन्छ। यसैगरी माघ ४ गते आइतबार बृहस्पति पश्चिममा अस्त भई फागुन २ गते आइतबार नै पूर्वमा उदाउने छ। माघ ३० गते शुक्रबार शुक्र पूर्वमा अस्त भएपछि वि.सं. २०७८ लागेपछि मात्र उदाउने भएकाले यस वर्ष माघ र फागुनमा विवाह एवम् व्रतबन्धका साइत ननिस्किएको समितिले जनाएको छ। यसैकारण चैतमा व्रतबन्धको साइत पनि छैन।

बृहस्पति (गुरु), शुक्र अस्त भएका बेला गृहप्रवेश, घर निर्माण आरम्भ (गृहआरम्भ), सप्ताह श्रवण, यज्ञयागादिलगायत शुभकर्म पनि गर्नु हुँदैन। गुरु, शुक्र अस्तका बेला नित्यरूपमा गरिने पूजा, पाठ, जप आदि गर्नुहुन्छ। यसैगरी नैमित्तिक रूपमा गरिने श्राद्ध, काजकिरिया, बालक जन्मँदा जातकर्म गर्नुहुन्छ, कुनै फलको कामना राखेर गरिने काम्य कर्म गर्नु हुँदैन, यसैले विवाह, व्रतबन्ध, गृहप्रवेश, गृहारम्भको साइत नदिइएको हो- उनले भने।

विगत वर्षमा माघ र फागुनमा समेत विवाहको मुहूर्त हुन्थ्यो। महिनाका हिसाबले माघ र फागुन विवाह गर्न हुने नै महिना हुन्। गत वर्ष वि.सं. २०७६ मा भने विवाहका ६६ लग्न थिए।

**व्रतबन्धका चार मुहूर्त**

यसैगरी यस वर्ष व्रतबन्धको मुहूर्त पनि चार वटा मात्र छ। वैशाख २१ र २२ गते, जेठ १२ एवम् असार ११ गतेमा मात्र व्रतबन्धको लग्न जुरेको समितिका सदस्य सचिव एवम् पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले बताए। गत वर्ष भने व्रतबन्धका साइत १२ वटा थिए। गत वर्षहरुमा माघ, फागुन र चैतमा पनि व्रतबन्धका मुहूर्त दिइएको हुन्थ्यो।

वैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीया, आश्विन शुक्ल पक्षको नवरात्र, मार्गशीर्ष पञ्चमी अर्थात् विवाह पञ्चमी र माघ शुक्ल पञ्चमी अर्थात् श्रीपञ्चमीका दिन साइत नभए पनि विवाह गर्न हुने भन्ने धारणा शास्त्रीय नरहेको पञ्चाङ्गकार सूर्यनाथ पन्तले बताए। यी दिनमा पनि विवाह, व्रतबन्धजस्ता शुभकर्मको साइत जुर्ने भए पात्रो (पञ्चाङ्ग) मा उल्लेख गरिने गरेको उनले बताए।

# फाल्गुनन्द चार जनाको स्वाव परीक्षण

**युद्धबहादुर बोहोरा**

**पाँचथर, बैशाख २१।** फाल्गुनन्द गाउँपालिकास्थित राँके र जलसिङ माविको क्वारेन्टाइनमा राखिएका ८८ जनाको शनिबार र्‍यापिड टेष्ट गरिएको छ।

सबैको नतिजा नेगेटिभ देखिएता पनि चार शंकास्पदको थप स्वाब परीक्षणका लागि कोशी अञ्चल अस्पताल बिराटनगर पठाइएको गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृत अनिल तिखत्रीले जानकारी दिए।

केही हप्ताअघि काठमाडौं लगायत जिल्ला बाहिरबाट आएका फाल्गुनन्द गाउँपालिकाका पुरुष ५० महिला २०, फिदिम नगरपालिकाका पुरुष ९ महिला ४, कुम्मायक गाउँपालिकाका एक महिला र एक पुरुष साथै तीन जना स्वास्थ्कर्मीहरु समेत गरी जम्मा ८८ जनालाई पालिकाले दुई ठाँउमा स्थापना गरेको क्वारेन्टाइनमा राखिएको थियो।

उनीहरुको परीक्षण पछि सम्बन्धित वडासम्म यातायातको प्रवन्ध मिलाएर घर पुर्‍याउने व्यवस्था गरिएको र एक हप्तासम्म होम क्वारेन्टाइनमा सुरक्षित रहन सचेत गराइएको उनले बताए। आकस्मिक रुपमा बाहिरबाट आएका व्यक्तिहरूको व्यवस्थापन शुरूवातमा प्रोटोकल बमोजिमका सेवा सुविधाहरू पुर्‍याउन नसके पनि पछिल्ला दिनमा सकेसम्म प्रभावकारी सुविधाबाट राख्न कोशिस गरिएको बताइएको छ।

थप सुरक्षा र स्थानीयको सेवा सुविधालाई मध्यनजर गर्दै शुक्रबारदेखि गाउँपालिका कार्यालय परिसर घुर्बिसे पञ्चमीस्थित घुर्बिसे पञ्चमी माध्यमिक विद्यालयको भवनमा थप क्वारेन्टाइन स्थानको व्यवस्था मिलाइएको छ।

इलाम र पाँचथरको सीमानामा फाकफोकथुम र फाल्गुनन्द दुवै गाउँपालिकाको सहकार्यमा घुर्बिसेमा केही दिनअघिदेखि हेल्थडेस्कको पनि व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्बाङले जानकारी दिए।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि पाँचथर जिल्लाबाट प्रतिनिधित्वमा रहेका केन्द्रीय सरकार र प्रदेश सरकारका मन्त्रीद्वय बसन्तकुमार नेम्वाङ र इन्द्रबहादुर आङ्बोको सहयोगमा स्वास्थ्य सामग्रीहरु जिल्लाका स्थानीय तहमा उपलब्ध भएसँगै फाल्गुनन्दलाई पनि सहज भएको अधिकृत तिखत्रीको भनाइ छ।


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

### हिजोको सुनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहोला। काम बिग्रने भयले सताउनेछ। न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आलोचकहरू बढ्नेछन् भने वादविवादले समस्या निम्त्याउन सक्छ। लेनदेनमा विवाद हुन सक्छ। लेनदेन आज नगर्दा राम्रो होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला। पहिलेका समस्या दोहोरिन सक्छन्। सानातिना घरेलु काममा अल्झनुपर्ने देखिन्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिस्थिति अनुकूल रहनेछ भने लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। परिवारजनको साथले उत्साह जगाउनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** केही चुनौति देखिए पनि प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** व्यापारलगायत आर्थिक लाभ हुने काम थालनी हुनेछ। स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** कामको मेसो नमिल्दा पनि अलमल हुनेछ। समयको गतिलाई पछ्याउन नसक्दा चिताएको काम सम्पादनमा विलम्ब हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** परिस्थितिसँग सम्झौता गर्नुपर्ला। तापनि गुरुजनको सुझाव, सन्तानको सहयोग र लगनशीलताले सफलता दिलाउनेछ।